# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १३ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

चुनाउ आयोगको समन अनुसार पश्चिम बंगालका मुख्य सचिव मनोज पन्त  दिल्लीतर्फ प्रस्थान हुनु भएको छ।

२. एसआईआरको सन्दर्भलाई लिएर पश्चिम बंगालका विभिन्न जिल्लाहरुमा जन्म प्रमाण पत्रहरूमा वृद्धि भईरहेको बताइएको छ|

३. जीटीएले ब्याडमिन्टन टुर्नामेन्टको प्रायोजन गर्ने साथै ब्याडमिन्टन खेल्ने हलको पनि निर्माण गर्ने जीटीए प्रमुख कार्यपाल अनित थापाले घोषणा गर्नु भएको छ|

४. बाघडोगरादेखि सिलगडीसम्म राज्यसभा सांसद हर्षवर्धन श्रीङलाको नेतृत्वमा बाइक र्यालीको साथ तिरंगा यात्रा निकालिएको छ|

5. अविरल वर्षाको कारण पहाड अनि समतलमा जनजीवन प्रभावित बनेको छ भने 29 माइलमा राष्ट्रिय राजमार्ग-10 को एक भाग टिस्टामा बगेको छ।

**मुख्य सचिव मनोज पन्त दिल्लीमा**

पश्चिम बंगालका मुख्य सचिव मनोज पन्त आज दिल्लीतर्फ प्रस्थान हुनु भएको छ। उहाँलाई चुनाउ आयोगले समन पठाएर राष्ट्रिय राजधानीमा उपस्थित हुन भनेको छ। मामिला राज्य सरकारद्वारा ती अधिकारीहरूलाई निलम्बन नगरिएकोसित सम्बन्धित छ जसमाथि भोटर लिस्ट संशोधनमा गड़बड़ी गरेको आरोप लागेको छ। चुनाउ आयोगले मुख्य सचिवलाई आज 13 अगस्तको साँझ 5 बजेसम्ममा निर्वाचन सदनमा व्यक्तिगत रूपमा पेश भएर सम्पूर्ण मामिलाको जानकारी दिने निर्देश दिएको थियो। राज्य सरकारको भनाइ छ, जुन अधिकारीहरूविरूद्ध कारबाही गर्ने माग गरिएको छ, उनीहरूको निलम्बन तथा एफआईआर दर्ता गर्नु "अनुचित रूपमा कठोर कदम" हुनेछ। सरकारको मान्यता छ, यसो गर्नाले अधिकारीहरूको मनोबल प्रभावित हुनसक्छ। यसै तर्कलाई स्पष्ट पार्नको लागि मुख्य सचिव दिल्ली जानु भएको छ।
सरकारी सूत्र अनुसार श्री पन्तले आयोगलाई राज्य सरकारको नीतिबारे विस्तारपूर्वक बुझाउनुहुनेछ । उहाँले बताउनु हुनेछ कि किन तत्काल निलम्बन उचित छैन। चुनाउ आयोगले गत सोमवार मुख्य सचिवलाई पत्र पठाएर स्पष्ट निर्देश दिन भनेको थियो कि गड़बड़ीमा संलिप्त अधिकारीहरूलाई तुरून्त हटाइयोस् र उनीहरूविरूद्ध कानूनी कारबाही होस्।

**भाजपा नेता दिलीप घोष**

राज्यको तृणमूल कंग्रेस सरकारले नक्कली मतदाता बनाइरहेको छ। केही बंगलादेशी कामगारहरू देशभरि नै फलिएका छन् जसले नक्कली दस्तावेजको आधारमा भारतीय पहिचान पत्र बनाएका छन्। वरिष्ठ भाजपा नेता दिलीप घोषको मान्यता छ, उनीहरू बंगलादेशी हुन् वा बंगला भाषी, जाँच गर्ने कुरा हो। आज पत्रकारहरूसित बातचित गर्दै दिलीप घोषले एसआईआर मुद्दामा बंगालको सत्तासिन पार्टीमाथि लक्षित गर्नु भयो। बिहारपछि बंगालमा पनि एसआईआर लागू हुने अड़कलहरू तीव्र भएको छ। राष्ट्रिय चुनाउ आयोग (ईसीआई)-ले पहिला नै बंगालमा केही पश्चिम बंगाल सिभिल सेवा अधिकारीहरूविरूद्ध कारबाही गर्ने भनिसकेको छ। तथापि नवान्नले यसलाई स्वीकार गरेको छैन। उसले भिन्नै कदम उठाएको छ। परिणामस्वरूप राज्यका मुख्य सचिव मनोज पन्तलाई दिल्लीमा बोलाइएको छ। श्री घोषले यस मुद्दामा भन्नु भयो, पश्चिम बंगालको मतदाता सूचीमा भएको सबै गड़बड़ी यहाँका कर्मचारीहरूले गरेका हुन्। उनीहरूले सरकारको इशारामा काम गर्दछन् भने उनीहरूका संरक्षक मुख्य सचिव हुन्। त्यसैले उनले सबै प्रश्नहरूको जवाफ दिनुपर्छ। यस सन्दर्भमा श्री घोषले चेताउनी दिनु भयो , मामिला मुख्य सचिवसम्म पुगिसकेको छ र भविष्यमा यो मुख्यमन्त्रीसम्म पनि पुग्नसक्छ।

**मतदाता सूचीसित जोड़िएको गम्भीर मामिला**

पश्चिम बंगालमा मतदाता सूचीसित जोड़िएको गम्भीर मामिला प्रकाशमा आएको छ। वर्ष 2002 मा विशेष पुनरीक्षण (एसआईआर) पछि तयार गरिएका मतदाता सूचीहरूको रेकर्ड लगभग 100 भन्दा धेरै मतदान केन्द्रहरूबाट बेपत्ता भएका छन्। मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयको सूत्रहरू अनुसार, यो मामिला चुनाउ आयोगको संज्ञानमा ल्याइनेछ र आयोगबाट 2003 को प्रारूप मतदाता सूचीलाई आधार बनाएर नयाँ पुनरीक्षणको प्रक्रिया गरिने अनुमति मागिनेछ। सूत्रहरूले बताए अनुसार धेरै बूथहरूको 2002 को रेकर्ड पूर्ण रूपमा उपलब्ध छैन। केही सूचीहरू यस प्रकार क्षतिग्रस्त भइसकेका छन् कि त्यसलाई आयोगको सर्वरमा अपलोड गर्नु पनि सम्भव छैन। जुन बूथहरूको रेकर्ड पाइरहेको छैन, त्यसमा अधिकांश दक्षिण 24 परगना, उत्तर 24 परगना, हावड़ा र बीरभूम जिल्लाका छन्। यी जिल्लाहरू पारम्परिक रूपमा तृणमूल कांग्रेसको गढ़ मानिन्छ। यो मामिला यस्तो समयमा अघि आएको छ जब चुनाउ आयोग र राज्य सरकारबीच चार चुनाउ अधिकारीहरूको निलम्बनलाई लिएर गतिरोध जारी छ। आयोगले दुई विधानसभा क्षेत्रहरूको मतदाता सूचीमा गड़बड़ीको आरोपमा चार अधिकारीहरूलाई निलम्बित गरेको थियो। तर राज्य सरकारले आयोगलाई सूचित गऱ्यो कि उसले अहिले यस आदेशको पालन गर्नेछैन। यसपछि आयोगले राज्यका मुख्य सचिव मनोज पन्तलाई आज साझँ 5 बजीसम्म दिल्लीस्थित मुख्यालयमा बोलाएको थियो। मुख्यमन्त्री ममता ब्यानर्जीले पनि शुरूदेखि नै आयोगको आदेशलाई चुनौती दिनु भएको छ। उहाँको भनाई छ, चारै अधिकारी राज्य सरकारका कर्मचारी हुन् यसैले उनीहरू विरूद्ध कुनै कारबाही गरिनेछैन। यी अधिकारीहरूमाथि आरोप छ कि मतदाता सूचीको आवेदन निष्पादनमा उनीहरूले निर्वाचन रजिस्ट्रेशन डेटाबेसको लगिन आईडी र पासवर्ड अनधिकृत व्यक्तिहरूलाई साझा गरी डेटा सुरक्षा नीतिको उल्लङ्घन गरे। यसैले गर्दा धेरै विधानसभा क्षेत्रहरूमा हजारौं नाम बिना वेरिफिकेशनको भोटर लिस्टमा सामेल गरियो।

**एसआईआर : बंगालका जन्म प्रमाण पत्रहरूमा वृद्धि**

बिहारमा एसआईआरलाई लिएर मचेको राजनीतिक हंगामाबीच अब पश्चिम बंगालमा पनि यस प्रक्रियाको शुरूआत हुन लागेको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले बारम्बार आश्वासन दिइरहनु भएको छ कि राज्यको कुनै पनि निवासीलाई यदि "गैर-भारतीय" घोषित गरियो भने सरकारले उनको पक्षमा आन्दोलन गर्नेछ। यहीबीच राज्यको स्वास्थ्य विभागको एक आंकड़ाले प्रशासनिक खेमामा चिन्दा बढ़ाएको छ। विभिन्न ग्राम पञ्चायतहरूद्वारा स्वीकृत जन्म प्रमाण पत्रहरूको संख्यामा अप्रत्याशित वृद्धि भएको छ, खासगरी बांग्लादेश निकटका जिल्लाहरूमा।
मालदाह यस सूचीमा सबैभन्दा माथि छ, त्यसपछि मुर्शिदाबाद र बीरभूमको स्थान छ। आंकड़ाहरू अनुसार, 2023 मा राज्यभरिमा ग्राम पञ्चायतहरूबाट 44 हजार 229 जन्म प्रमाणपत्र स्वीकृत भएका थिए, जुन 2024 मा बढ़ेर 55 हजार 921 भयो। 2025 मा 15 जुलाईसम्मै 23 हजार 26 प्रमाणपत्र स्वीकृत भइसकेको छ। केवल मालदाह जिल्लामा धेरै पञ्चायतहरूमा वृद्धि दर सैकड़ौं प्रतिशतसम्म पुगेको छ। यसैगरी मुर्शिदाबाद, बीरभूम, बांकुड़ा, उत्तर दिनाजपुर, दक्षिण 24 परगना, झाड़ग्राम र हावड़ाका धेरै पञ्चायतहरूमा पनि जन्म प्रमाणपत्र पंजीकरणमा भारी वृद्धि भएको छ। हावड़ाको बानीबन पञ्चायतमा यो वृद्धि 407 प्रतिशतसम्म पुग्यो। नवान्नले सबै जिल्लाधिकारीहरूलाई यस मामिलाको जाँचको आदेश दिएको छ।
जिल्ला स्वास्थ्य विभागको भन्नाई छ, एसआईआरलाई लिएर मानिसहरूमा डर छ, जसले गर्दा पुराना कागजी प्रमाण पत्रहरूलाई डिजिटल प्रमाण पत्रमा परिणत गरिँदैछ। धेरै मामिलाहरूमा पंजीकरण संख्या त्यही रहन्छ तर पञ्चायत स्तरमा अनुमोदन संख्या बढ्छ। यसको साथै ग्रामीण क्षेत्रहरूमा नर्सिङ होमको बढ्दो संख्यालाई पनि यसको पछाड़ी एक कारण मानिन्दैछ। यद्यपि, प्रशासनिक अधिकारीहरूको भनाई छ, यी दावीहरूको वास्तविकता जाँचपछि अघि आउनेछ।

**अनित थापा - ब्याडमिन्टन**

जीटीएले ब्याडमिन्टन टुर्नामेन्टको प्रायोजन गर्नेछ साथै ब्याडमिन्टन खेल्ने हलको पनि निर्माण गर्नेछ भनी जीटीए प्रमुख कार्यपाल अनित थापाले बताउनु भएको छ। उहाँले आज जारी एक प्रेस विज्ञप्तिमा भन्नु भयो, 'यङ्ग सटलर्स दार्जिलिङले स्थानीय नानीहरूलाई लिएर ब्याडमिन्टन कोचिङ क्याम्प चलाउँदैछ। हल किरायामा लिएर यो क्याम्प चलिरहेको थाहा पाएँ। धेरै दिनदेखि उहाँहरूले मलाई क्याम्पमा आइदिनुहोस् भनेर निमन्त्रणा दिनु भएको थियो। आज क्याम्पमा पुगे। साधारण टुर्नामेन्ट चल्दै थियो।

हल प्रशिक्षार्थी अनि अभिभावकहरूले भरिएको थियो। उहाँले अझ भन्नु भयो, 'दार्जीलिङमा खेलकूद भन्ने बित्तिकै फुटबल मात्र आँखामा आउने गर्थ्यो। अब खेलकुदका विकल्पहरू थुप्रै निस्केका छन्। ती विकल्पहरू मध्ये ब्याडमिन्टन पनि एउटा रहेको छ।' थापाले अझ भन्नु भयो, 'मैले वचन दिएको छु कि म दार्जिलिङमा एउटा राम्रो ब्याडमिन्टन खेल्ने हल निर्माण गरेर यहाँहरुकै देखरेखमा दिनेछु। आफ्नै हलमा कम्ती पैसामा धेरै नानीहरुले खेल्नु पाउनेछन्। दोस्रो महत्वपूर्ण कुरा चाहिँ के हो भने उहाँहरुले जीटीए स्तरमा ब्याडमिन्टन टुर्नामेन्ट आयोजना गर्नु हुने थाहा पाए। त्यस टुर्नामेन्टलाई सम्पूर्ण रूपले जीटीएले स्पोन्सर गर्नेछ।'

**राज्यसभा सांसद हर्ष वर्धन श्रीङला**

बाघडोगरादेखि सिलगडीसम्म राज्यसभा सांसद हर्ष वर्धन श्रीङलाको नेतृत्वमा बाइक र्यालीको साथ तिरंगा यात्रा निकालियो| राष्ट्रपति द्रौपदी मुर्मुद्वारा राज्य सभा सांसद मनोनित भएपछि संसद्को मनसुन सत्रमा सहभागी बनि भोलि दार्जीलिंग आउनुहुनेछ र आज सिलगढी आउनुभयो | उहाँको स्वागतमा हजारौं मानिसहरुले सहभागिता जनाए साथै भाजपा पार्टी कार्यकर्ताहरुले पनि सहभागिता जनाए | यस अवसरमा मिडियालाई सम्बोधन गर्दै श्री श्रीङलाले भन्नुभयो, राष्ट्रपतिद्वारा राज्य सभा सांसद मनोनित भएको श्रेय दार्जिलिंग पहाड, तराई र डुवर्सका मानिसहरुलाई दिनुभयो|उहाँले यस क्षेत्रका मानिसहरुको सेवा गर्न सदैव तत्पर रहने बताउनुभयो| उहाँले गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन सिलगडी, तराई र डुवर्सका मानिसहरुलाई 'हर घर तिरंगा' अभियानसित जुड्ने आह्वान गर्नुभयो| उहाँले हर घर तिरंगाले हाम्रा वीर सैनिकहरु साथै देशभक्त नागरिकहरुको मनोबल बढाउदै देशको एकता र अखण्डतालाई झन् बलियो बनाउनेछ|

**राष्ट्रिय राजमार्ग-10**

अविरल वर्षा अनि कटाउको कारण राष्ट्रिय राजमार्ग-10 लाई आगामी 15 अगस्तसम्मको लागि बन्द गरिदिएको छ। 15 अगस्तपछि पनि राष्ट्रिय राजमार्ग-10 मा यातायात हुन्छ वा हुँदैन, यसमाथि नयाँ शंका उत्पन्न भएको छ किनभने आज 29 माइलमा राष्ट्रिय राजमार्गको एक भाग टिस्टा नदीमा समाहित भएको छ। प्राप्त जानकारी अनुसार बितेको रातीदेखि नै भइरहेको अविरल वर्षाको कारणले सड़क टिस्टामा समाहित भएको छ। नयाँ सड़क बनाउनको लागि पहाड़लाई फेरि काट्नुपर्छ। यस काममा धेरै दिन लाग्नसक्छ। त्यसैले स्वतन्त्रता दिवसको रातिसम्ममा सड़क खोलिने कुरामा शंका छ। उल्लेखनीय छ, लिकुभीरमा पैह्रो गएको कारणले राष्ट्रिय राजमार्ग एवं अवसंरचना विकास निगम लिमिटेड (एनएचआईडीसीएल)-ले गए हिजो राती 8 बजेदेखि आगामी 15 अगस्तको साँझ 6 बजीसम्म सड़कलाई बन्द राख्ने निर्णय गरेको छ। यसबीच फेरि 29 माइलमा राष्ट्रिय राजमार्गको एक भाग टिस्टामा बगेको छ।

**एनएच 717(ए)-मा निर्माणाधिन पुल भत्कियो**

राष्ट्रिय राजमार्ग-10 पछि राष्ट्रिय राजमार्ग -717(ए)-मा पनि नयाँ समस्या उत्पन्न भएको छ। आज बिहान यस राजमार्गमा निर्माणाधिन एउटा पुल भत्कियो। तथापि पुल निर्माणाधिन अवस्थामा थियो, तर सड़क निर्माण कार्य पहिला नै पूरा भइसकेको थियो। यातायात पनि शुरू भइसकेको थियो। धेरैवटा ठाउँमा पैह्रो गएकोले पहिलाबाटै राष्ट्रिय राजमार्ग एवं अवसंरचना विकास निगम लिमिटेड (एनएचआईडीसीएल)- को काममाथि प्रश्न उठेको थियो भने अब पुल नै ध्वस्त भएको छ जसले सम्पूर्ण कार्यप्रणाली नै प्रश्नहरूको घेरोभित्र परेको छ। यो सड़कसँगसँगै राष्ट्रिय राजमार्ग-10 को जिम्मेवारी केन्द्रिय सड़क एजेन्सीको हो। फलस्वरूप पहाड़ी क्षेत्रमा काम गर्ने एजेन्सीको अनुभवमाथि पनि प्रश्न उठिरहेको छ। अर्कोतिर राष्ट्रिय राजमार्ग-10 बन्द भएपछि सिलगढ़ी र सिक्किमबीच यात्रा गर्नेहरूलाई ठूलो समस्याको सामना गर्न परिरहेको छ, किनभने राष्ट्रिय राजमार्ग -717(ए)- मा पनि यातायातलाई रोकिएको छ।

**पैह्रो – तीनधारे**

लगातार परिरहेको पानी झरीका कारण तीनधारेको अप्पर गोलाईमा पैह्रो गएर 5-6 वटा घरलाई खतरा उत्पन्न भएको छ। आज बिहान तीनधारेको अप्पर गोलाईमा गएको पैह्रोले स्थानीय अमर थापाको घर पैह्रोको चपेटमा परेको छ। माथिबाट आएको

पैह्रोले अमर थापाको काठको घर सरेर लगेकाले निक्कै खतरा उत्पन्न भएको छ। पैह्रोले अप्पर गोलाईका 5-6 वटा घरहरुलाई पनि खतरा उत्पन्न भएको छ। तीनधारे महानदी समष्टिका सभासद नवराज छेत्री, घैयाबारी ग्राम पञ्चायत दुईकी उप प्रधान रञ्जित थापा, पञ्चायत सदस्यहरु अजय विश्वकर्म, दावा दोर्जे लामा र सुष्मिता गजमेर साथै पञ्चायत सचिव रबीन मोक्तान, भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे खण्ड समितिका सचिव अनिल राई, भीसीडीले आज उक्त पैह्रो प्रभावित घरहरुको निरीक्षण गरेका छन्। पैह्रोले अमर थापाको घरलाई खतरा उत्पन्न भएपछि निरीक्षणमा आएका सभासद लगायतका टोलीले अमर थापाको परिवारलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने काम गरेको जानकारी प्राप्त भएको छ। यसका साथै पञ्चायतको तर्फबाट पोलिथिन लगाएर पैह्रो छोप्ने कार्य गरिएको बताइएको छ।

BYTE

****** ० ******